## सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

२०८३ साउन १ गते देखि २०८३ असोज मसान्त सम्ममा सम्पादित प्रमुख क्रियाकलापहरु (स्वत:प्रकाशन) को विवरण

मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा

मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

१. पृष्ठभूमि
२. मन्त्रालयको कार्य बिभाजन
३. मन्त्रालयको संगठनात्मक संरचना
४. सचिवालय,महाशाखा, जिम्मेवार अधिकारी
५. मन्त्रालय मातहतका कार्यालयहरु
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद
१०. सम्पादन गरेको मुख्य मुख्य कामको विवरण

मधेश प्रदेश सरकार ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय जनकपुरधाम, धनुषा, नेपाल

## १. पृष्ठभूमि :

ऊर्जा, सिंचाइ तथा खानेपानी क्षेत्र प्रदेशको आर्थिक विकास, कृषि उत्पादन वृद्धि, औद्योगिकीकरण, वातावरणीय दिगोपना तथा नागरिकको जीवनस्तर सुधारसँग प्रत्यक्ष रूपमा सम्बन्धित आधारभूत क्षेत्रहरू हुन्। प्रदेशको समग्र विकासलाई दिगो, समावेशी र प्रभावकारी बनाउन ऊर्जा, सिंचाइ तथा खानेपानी सेवाको पहुँच, गुणस्तर तथा व्यवस्थापनमा सुधार आवश्यक रहेको सन्दर्भमा मधेश प्रदेश सरकार अन्तर्गत ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय २०७८ साल असार महिनामा स्थापना भएको हो। प्रदेश सरकारको कार्यविभाजन नियमावली बमोजिम मन्त्रालयले प्रदेशभित्र ऊर्जा विकास, नवीकरणीय तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन, विद्युतीकरण, सिंचाइ पूर्वाधारको विकास तथा व्यवस्थापन, खानेपानी तथा सरसफाइ सेवाको विस्तार, जलस्रोतको संरक्षण तथा दिगो उपयोग, सम्बन्धित नीति, ऐन, नियम, मापदण्ड तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने जिम्मेवारी निर्वाह गर्दै आएको छ। मन्त्रालयले संघीय सरकार, स्थानीय तह, विकास साझेदार, निजी क्षेत्र तथा सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरी प्रदेशको आवश्यकता तथा प्राथमिकताअनुसार योजना तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ। ऊर्जा, सिंचाइ तथा खानेपानी सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्ने, कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, जलस्रोतको वैज्ञानिक तथा दिगो उपयोग सुनिश्चित गर्ने तथा सुशासन, पारदर्शिता र जवाफदेहितालाई संस्थागत गर्दै प्रदेशको समृद्धि र नागरिकको जीवनस्तर उकास्ने दिशामा मन्त्रालय निरन्तर क्रियाशील रहेको छ।

## २. मन्त्रालयको कार्य विभाजन :

मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०८० को अनुसूची -२ बमोजिम यस ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयबाट सम्पादन हुने कार्यहरु देहाय बमोजिम रहेका छन् |

१. प्रदेशस्तरको खानेपानी, सिंचाई, उर्जा तथा जल उत्पन्न प्रकोप (नदी तथा पहिरो व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन,
२. प्रदेशस्तरमा खानेपानी, सिंचाई तथा उर्जा सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,
३. खानेपानी, सिंचाई तथा उर्जा सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,
४. राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, संभार र व्यवस्थापन,
५. प्रदेशको जलश्रोत उपयोग, नदी नियन्त्रण तथा संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन,

६. प्रदेशको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,

७. प्रदेशमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,

८. जल गुणस्तर सम्बन्धी प्रयोगशाला व्यवस्थापन,

९. खानेपानीको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

१०. स्वच्छ खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

११. सबैलाई स्वच्छ खानेपानीको उपलब्धता र स्वच्छ खानेपानीमा पहुँचको सुनिश्चितता,

१२. फोहरमैला व्यवस्थापनमा स्थानीय तहलाई प्राविधिक सहयोग र समन्वय,

१३. ढल निकास तथा सरसफाई व्यवस्थापन ।

१४. प्रचलित कानून तथा प्रदेश सरकारले तोकेका अन्य कार्यहरू सम्पादन गर्ने।

१५. इन्जिनियरिंग सेवा अन्तर्गत देहायका समूह, उपसमूह संचालन

क. सिभिल इन्जिनियरिंग समूहको इरिगेशन, स्यानेटरी उपसमूह ।

ख. हाईड्रोजियोलोजी समूह ।

ग. इलेक्ट्रिकल इन्जिनियरिंग समूह ।

३. मन्त्रालय, निर्देशनालय, डिभिजनहरुको नयाँ संगठनात्मक संरचना :

अनुसूचि – १.१

मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम धनुषाको
संगठन संरचना




नोटः योजना, अनुगमन तथा प्रशासन महाशाखामा आवश्यकता अनुसार सि.डि.ई. नवौं/दशौं(इन्जि./सिभिल/ स्या.) वा सि.डि.हा.जि. नवौं/दशौं (इन्जि./जियो./हा.जि.) लाई समेत खटाउन सकिने छ ।

अनुसूचि – १.२

मधेश प्रदेश सरकार

## ऊर्जा, सिंचाइ तथा खानपानी मन्त्रालय

## जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय

जनकपुरधाम धनुषाको

संगठन संरचना

### निर्देशक
अधिकृत एघारौं (इन्जि./ सिभिल उपसमूहकृत नहुने) -१

#### योजना तथा अध्ययन अनुसन्धान शाखा
सि.डि.ई.अधिकृत नवौं/दशौं(इन्जि./सिभिल/इरि.) -१

- **योजना, अनुसन्धान तथा विकास ईकाइ**
  - इन्जिनियर सातौं/आठौं (इन्जि./सिभिल/इरि.)-१
  - सब-इन्जिनियर पाँचौं/छैठौं (इन्जि./सिभिल/इरि.)-२
  - ल्याब टेक्निशियन पाँचौं/छैठौं(इन्जि./सिभिल/जन.)-१

#### खानेपानी, ढल निकास तथा सरसफाई शाखा
सि.डि.ई. नवौं/दशौं (इन्जि./सिभिल./स्या.)- १

- **खानेपानी, तथा सरसफाई ईकाइ**
  - इन्जिनियर सातौं/आठौं(इन्जि./सिभिल/ स्या.)-१
  - समाजशास्त्री सातौं/आठौं (विविध)-१
  - सब-इन्जिनियर पाँचौं/छैठौं(इन्जि./सिभिल/स्या.)-२
  - खा.पा.स.टे पाचौं/छैठौं (इन्जि./सिभिल/स्या)-१
  - खा.पा.स.टे चौथो (इन्जि./सिभिल/स्या)-१

#### जलस्रोत, ऊर्जा तथा सिंचाइ विकास शाखा
सि.डि.ई. नवौं/दशौं(इन्जि./सिभिल./इरि.)- १

- **सिंचाइ तथा नदी नियन्त्रण ईकाइ**
  - इन्जिनियर सातौं/आठौं (इन्जि./सिभिल/इरि.)-१
  - सब-इन्जिनियर पाँचौं/छैठौं (इन्जि./सिभिल/इरि.)-४
- **ऊर्जा विकास ईकाइ**
  - इन्जिनियर सातौं/आठौं (इन्जि./इले./ज.ईले.)-१
  - सब-इन्जिनियर पाँचौं/छैठौं (इन्जि./इले./ज.ईले.)-१

#### भूमिगत सिंचाइ तथा सूचना प्रणाली शाखा
सि.डि.हा.जि.नवौं/दशौं (इन्जि./जियो./हा.जि.) -१

- **भूमिगत सिंचाइ ईकाइ**
  - हाईड्रोजियोलोजिष्ट सातौं/आठौं (इन्जि./जियो./हा.जि.) -१
  - असिस्टेन्ट हाइड्रोजियोलोजिष्ट पाँचौं/छैठौं (इन्जि./जियो./हा.जि.) -१
  - सब-इन्जिनियर पाँचौं/छैठौं (इन्जि./सिभिल/इरि.)-२
  - सि.मेकानिक्स पाचौं/छैठौं (इन्जि./मेका./नि.उ.स.)-१
- **सूचना प्रणाली ईकाइ**
  - कम्प्युटर अपरेटर/अधिकृत पाचौं/छैठौं (विविध)-१

#### प्रशासन शाखा
- अधिकृतस्तर सातौं/आठौं(प्र./सा प्र.)-१
- सहायक/अधिकृत पाचौं/छैठौं(प्र./सा.प्र.)-१
- ह.स.चा./तह विहिन - ३
- का.स./तह विहिन –३

#### आर्थिक प्रशासन शाखा
- लेखा अधिकृत सातौं/आठौं (प्र./लेखा)-१

**नोटः** योजना तथा अध्ययन अनुसन्धान शाखा मा आवश्यकता अनुसार सि.डि.ई. नवौं/दशौं(इन्जि./सिभिल/ स्या.) वा सि.डि.हा.जि. नवौं/दशौं (इन्जि./जियो./हा.जि.) लाई समेत खटाउन सकिने छ ।

प्रमुख सचिव

ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय मधेश प्रदेश सरकार जनकपुरधाम, धनुषा, नेपाल

अनुसूचि – १.३

मधेश प्रदेश सरकार

ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालय

जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय

## ऊर्जा, सिंचाइ तथा खानेपानी डिभिजन

(सप्तरी, सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) को

संगठन संरचना

**डिभिजन प्रमुख**
सि.डि.ई. नवौं/दशौं (इन्जि./सिभिल/इरि./स्या.) -१

**योजना, डिजाइन तथा कार्यान्वयन शाखा**
- इन्जिनियर सातौं/आठौं (इन्जि./सिभिल/इरि.)-१
- सब-इन्जिनियर पाचौं/छैठौं (इन्जि./सिभिल/ इरि.)-२

**जलस्रोत तथा सिंचाइ शाखा**
- इन्जिनियर सातौं/आठौं (इन्जि./सिभिल/इरि.)-१
- सब-इन्जिनियर पाचौं/छैठौं (इन्जि./सिभिल/इरि.)-२

**आर्थिक प्रशासन शाखा**
- लेखापाल/अधिकृत पाँचौं/ छैठौं (प्र./लेखा)-१

**प्रशासन शाखा**
- सहायक/अधिकृत पाचौं/छैठौं (प्र./सा प्र.)-१
- कम्प्युटर अपरेटर/अधिकृत पाचौं/छैठौं (विविध)-१
- ह.स.चा/तह विहीन - १
- का.स./तह विहीन —२

**भूमिगत जलस्रोत शाखा**
- हाईड्रोजियोलोजिष्ट सातौं/आठौं (इन्जि./जियो./हा.जि.) -१
- असिस्टेन्ट हाईड्रोजियोलोजिष्ट पाचौं/छैठौं (इन्जि./जियो./हाजि.) -१
- सब-इन्जिनियर पाचौं/छैठौं (इन्जि./इले./जेइले.)- १
- सिमेकानिक्स पाचौं/छैठौं (इन्जि./मेका./नि.उ.स.)-१

**खानेपानी तथा सरसफाई शाखा**
- इन्जिनियर सातौं/आठौं (इन्जि./सिभिल/स्या.)-१
- सब-इन्जिनियर पाचौं/छैठौं (इन्जि./सिभिल/स्या)-२
- खा.पा.स.टे पाचौं/छैठौं (इन्जि./सिभिल/स्या)-१
- खा.पा.स.टे चौथो (इन्जि./सिभिल/स्या)-१

द्रष्टव्य:
- पदपूर्ति प्रयोजनार्थ मधेश प्रदेशका ७ वटा डिभिजनमध्ये कुनै ५ वटा जिल्लामा इन्जिनियरिङ सेवा, सिभिल समूह, इरिगेशन उपसमूह तथा कुनै २ वटा जिल्लामा इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहका अधिकृत नवौं/दशौं तहका सि.डि.ई. कार्यालय प्रमुख रहन सक्नेछन।
- फाजिल दरबन्दीमा जनशक्ति रहुन्जेल सम्म उल्लेखित पदमा पदपूर्ति नहुने ।

मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

अनुसूचि – १.४

**मधेश प्रदेश सरकार**

ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालय

जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय

## भूमिगत जलस्रोत विकास केन्द्र

महोत्तरीको

संगठन संरचना

**डिभिजन प्रमुख**

सि.डि.हा.जि. नवौं/दशौं (इन्जि./जियो/हा.जि.) -१

**इन्जिनियरिङ्ग शाखा**

- इन्जिनियर सातौं/आठौं (इन्जि./सिभिल/इरि.)-१
- सब-इन्जिनियर पाचौं/छैठौं (इन्जि./सिभिल/इरि)-२

**भूमिगत जलस्रोत तथा अनुसन्धान शाखा**

- हाईड्रोजियोलोजिष्ट सातौं/आठौं (इन्जि./जियो./हा.जि.) -१
- असिस्टेन्ट हाईड्रोजियोलोजिष्ट पाचौं/छैठौं (इन्जि./जियो./हाजि.) -१
- सब-इन्जिनियर पाचौं/छैठौं (इन्जि./इले./ज.ईले.)- १
- सि.मेकानिक्स पाचौं/छैठौं (इन्जि./मेका./नि.उ.स.)-१

**आर्थिक प्रशासन शाखा**

- लेखापाल/अधिकृत पाँचौं/छैठौं (प्र./लेखा)-१

**प्रशासन शाखा**

- सहायक/अधिकृत पाचौं/छैठौं (प्र./सा प्र.)-१
- कम्प्युटर अपरेटर/अधिकृत पाचौं/छैठौं (विविध)-१
- ह.स.चा/तह विहीन - १
- का.स./तह विहीन —२

प्रमाणित

मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

४. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी :

| सि.नं. | सचिवालय/महाशाखा | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | ऊर्जा,सिंचाइ तथा खानेपानी मन्त्रालय, मन्त्री | मा.जवाहरलाल कुशवाहा | |
| २ | ऊर्जा,सिंचाइ तथा खानेपानी मन्त्रालय, नि.सचिव | श्री राम कुमार खंग | |
| ३ | ऊर्जा तथा जलस्रोत महाशाखा | सि.डि.ई बरुण कुमार कर्ण | |
| ४ | प्रशासन तथा योजना महाशाखा | सि.डि.ई.हसमत अन्सारी | |
| ५ | खानेपानी तथा सरसफाई महाशाखा | सि.डि.ई. लक्ष्मी पन्त | |

५. मन्त्रालय मातहतका कार्यालयहरु :

१. जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय, जनकपुरधाम, धनुषा
२. ऊर्जा, सिंचाइ तथा खानेपानी डिभिजन, महोत्तरी
३. ऊर्जा, सिंचाइ तथा खानेपानी डिभिजन, सिरहा
४. ऊर्जा, सिंचाइ तथा खानेपानी डिभिजन, सप्तरी
५. ऊर्जा, सिंचाइ तथा खानेपानी डिभिजन, सर्लाही
६. ऊर्जा, सिंचाइ तथा खानेपानी डिभिजन, रौतहट
७. ऊर्जा, सिंचाइ तथा खानेपानी डिभिजन, बारा
८. ऊर्जा, सिंचाइ तथा खानेपानी डिभिजन, पर्सा
९. भूमिगत जलस्रोत विकास केन्द्र, महोत्तरी

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

क. सेवा प्राप्त गर्न लाग्ने दस्तुर :

- सुचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ४ बमोजिम र
- अन्य बिशेष कानुनले तोके बमोजिमको दस्तुर

ख. सेवा प्राप्त गर्न लाग्ने अवधि :

- सुचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ७ ले तोकेको अवधि भित्र र
- अन्य बिशेष कानुनले अवधि तोकेकोमा सोहि बमोजिमको

७. निबेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी :

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारबाही प्रक्रिया अगाडी बढाइने ।

मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय, नि.सचिव- श्री राम कुमार खंग

९. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद :

- प्रमुख : नि.सचिव श्री राम कुमार खंग
- सूचना अधिकारी : ई. पुरुषोत्तम चौधरी

१०. सम्पादन गरेको मुख्य मुख्य कामको विवरणः

१. मन्त्रालय तथा मातहतका निकायहरूको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी संगठन संरचना तथा कर्मचारी दरबन्दी व्यवस्थापन सम्बन्धी कार्य ।

२. साविकका १६ वटा डिभिजन कार्यलयहरूलाई समायोजन गरी ८ वटा डिभिजन कार्यालय कायम गर्ने गरी संगठनात्मक पुनर्संरचना सम्बन्धी कार्य ।

३. मन्त्रालय अन्तर्गत नयाँ निर्देशनालयको स्थापना तथा संगठनात्मक संरचना व्यवस्थापनसम्बन्धी कार्य ।

४. ऊर्जा, सिँचाइ तथा खानेपानी क्षेत्रको सेवा प्रवाहलाई प्रभावकारी बनाउन नयाँ डिभिजन कार्यलयहरूको स्थापना, समायोजन तथा कार्यक्षेत्र निर्धारण सम्बन्धी कार्य ।

५. नयाँ संगठन संरचना अनुसार निर्देशनालय, डिभिजन कार्यलय तथा विकास केन्द्रमा कर्मचारी व्यवस्थापन तथा पदस्थापनसम्बन्धी कार्य ।

६. मन्त्रालय तथा मातहतका निकायमा कार्यरत इन्जिनियर, सब-इन्जिनियर लगायत प्राविधिक कर्मचारीहरूको सरुवा तथा पदस्थापन गरी नयाँ संगठन संरचनाअनुसार जनशक्ति व्यवस्थापन कार्य।

७. डिभिजन कार्यलयहरूको कार्यविभाजन, जिम्मेवारी निर्धारण तथा कर्मचारीको कार्यक्षेत्र व्यवस्थापन गरी सेवा प्रवाहलाई थप व्यवस्थित बनाउने कार्य।

८. ऊर्जा, सिँचाइ तथा खानेपानी क्षेत्रका आयोजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि मातहतका निकायहरूबीच समन्वय तथा सहकार्य गरिएको।

९. मन्त्रालय तथा मातहतका निकायहरूको संस्थागत सुदृढीकरण, प्रशासनिक व्यवस्थापन र सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन आवश्यक नीतिगत तथा प्रशासनिक कार्यहरू अघि बढाइएको।

१०. नयाँ संगठन संरचना अनुसार स्थापना तथा समायोजन भएका निर्देशनालय, डिभिजन कार्यालय र विकास केन्द्रमा चालु तथा पुंजीगत बजेट बाँडफाँट गरी स्वीकृति तथा आवश्यक प्रक्रियाका लागि अर्थ मन्त्रालयमा पठाइएको।

११. स्थानीय तहको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) सम्बन्धी प्रदेशस्तरीय अभिमुखीकरण कार्यशाला सञ्चालन गरिएको।

मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

१२. ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, मधेश प्रदेशद्वारा UNICEF Nepal को सहयोगमा तयार गरिएको मस्यौदा "प्रदेश खानेपानी, सरसफाइ तथा स्वच्छता विधेयक" माथि सरोकारवाला निकायहरूबाट प्राविधिक सुझाव तथा पृष्ठपोषण संकलन गर्ने उद्देश्यले प्रदेशस्तरीय परामर्श कार्यशाला (Provincial Consultation Workshop) आयोजना गरिएको।

१३. भूमिगत जल अनुगमन तथा व्यवस्थापनसम्बन्धी तीनदिने आवासीय प्राविधिक तालिममा सहभागिता जनाइएको।

१४. यस अवधिमा सूचना माग सम्बन्धि निवेदन प्राप्त भएको र सबै निवेदन उपर नियमानुसार कारवाही भई सूचना/जानकारी समयमा उपलब्ध गराइएको ।